पत्रोत्तरमा प.सं.,च.नं. र मिति उल्लेखित हुन अपेक्षित छ ।

दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसीलाटार, खोटाङ
कोशी प्रदेश

पत्र सङ्ख्या:- ०७९/०८०
सूचना नम्बर: ८6

मिति: २०८०/०३/२९

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशा

## सामाजिक सुरक्षा परिचय पत्र नवीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली (प्रथम संसोधन) २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नु पर्ने व्यवस्था रहेको छ। सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा निकासा हुने भएकोले चालु आ.व.पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता निकासा असोजमा (दशै अगावै) गर्नुपर्ने भएकोले दिप्रुङ चुइचुम्मा गाउँपालिकामा रहेका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहिहरुले मिति २०८० साउन एक(१)गते देखि भाद्र महिनाको १५ गते भित्र सम्बन्धित वडा कार्यालयमा गई तपशिलमा रहेका कागजात सहित स्वयम उपस्थित भई परिचयपत्र नवीकरण गरउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

*तपशिल नवीकरण सूचीकरणका लागि*

१. निवेदन (वडा कार्यालयवाट उपलब्ध हुने )

२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि - थान १

३. पासपोर्ट साईजको फोटो - थान २

४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्र र अविभावकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - थान १/१

५. विधुवा महिलाको हकमा पतिको मृत्युदर्ता र अर्को विवहा नगरेको प्रमाणित कागजात समेत -थान १/१

र विवाह नगरेको महिलाको हकमा अविवाहित प्रमाणित सिफारिस - थान १

६. अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि समेत ।

(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

Website :
www.diprungmun.gov.np

Email :
ito.diprungmun@gmail.com

Facebook :
https://www.facebook.com/diprung

"हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा"